## काठमाडौ उपत्यका ट्राफिक प्रहरी कार्यालय

## र

## नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ बिच भएको

# समझदारी पत्र

# Memorandum of Understanding

२०८३ जेठ ०८ गते

CamScanner

## सम्झौता पत्र (Memorandum of Understanding)

**पहिलो पक्ष-** नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, केन्द्रिय कार्यालय, बालकुमारी ललितपुर (FNNTE) २०३६ सालमा दर्ता भई देशभरी रहेको यातायात व्यवसायी संघ/समिती/ कम्पनी/ प्रा.लि.हरुको छाता संगठनको रुपमा नेपाल सरकारस बिगत देखि यातायात क्षेत्रको निती निर्माण लग यत विविध बिषयमा सहकार्य गर्दै आएको छ नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, देश भरी संचालनमा रहेको यात्रुवाहक तथा मनालवाहक गरि करिव २९३ संघ/समिती/ कम्पनी/ प्रा.लि.हरुको आवद्ध भएका छन भने दैनिक कार्य गर्ने करिब ११ लाख भन्दा बढी कर्मचारी स्वरोजगार मजदुरहरु आवद्ध रहेकोमा यसका अतिरिक्त महासंघले मर्यादित सेवा विस्तार गर्दै सुशासन, सुदृढ पार्ने रणनीति अपनाएको छ। महासंघले विविध क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्दै नेपालमा एक सशक्त लगानी समूहको रूपमा स्थापित हुँदै गएको अवस्थामा यस महासंघले सामाजिक उत्तरदायित्व बहन गर्न समेत तत्पर रहेको छ।

**दोस्रो पक्ष-** काठमाडौम उपत्यका ट्राफिक प्रहरी कार्यालय (KVTPO), काठमाडौं उपत्यका भित्र सडक सुरक्ष, यतायात व्यवस्थापन, अनुशासनकायम तथा ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने प्रमूख जिम्मेवारी बोकेको केन्द्रिय प्रहरी निकाय हो। तिव्र शहरीकरण,बढ्दो सवारी चाप तथा जटिल र परिवर्तनसिल शहरी चुनौतिहरुको सन्दर्भमा यस कार्यालयले ट्राफिक सञ्चालन र नियन्त्रणलाई संस्थागत प्राथमिकताका रुपमा अघि बढाउँदै आएको छ। KVTPO ले सडक सुरक्षाको प्रबर्द्धन, दुर्घटनाको अनुसन्धदान तथा उद्धार, ट्राफिक नियम उल्लङ्घनको नियन्त्रण, सार्वजनिक सचेतना अभिबृद्धि तथा समग्र सडक सभ्यता एवं नागरिक मैत्री सेवा प्रदान गर्न व्यावसायिक दक्षता, कानुनी मापदण्ड र कार्यविधी अनुसार आफ्नो कार्यसम्पादन गर्दै आएको छ।

### १. पृष्ठभुमी

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय बीच भएका छलफलका क्रममा बढ्दो सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुहरूको लगेज/झिटी-गुन्टा यात्राका क्रममा हराउने, चोरी हुने वा साटिने गुनासाहरू बढ्दै गएकाले, यात्रुहरूको सामानको सुरक्षा सुनिश्चित गर्न र सेवालाई विश्वसनीय बनाउन लगेज ट्याग (Luggage Tag) प्रणाली लागू गरि यात्रुमैत्री सार्वजनिक सवारी अन्तरगत यातायात क्षेत्रमा आवद्ध व्यवसायीहरु संग सहकार्य गरि ट्राफिक व्यवस्थापनमा देखिएका कमीकमजोरीको उत्तरदायित्व लिई सार्वजनिक यातायातहरुमा नागरिक मैत्री सार्वजनिक सेवालाई व्यवस्थित बनाउन बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने एबम् ट्राफिक प्रहरीद्वारा गरिएका सडक सुरक्षा एवं यात्रुमैत्रि सेवालाई सार्वजनिक हितमा आवश्यक भएको निस्कर्ष निकाली सार्वजनिक यात्रु वाहक सेवामा यात्रुहरूको ब्यागेज वा लगेज (झिटी-गुन्टा) हराउने, साटिने वा चोरी हुने समस्यालाई समाधान गर्न यो समझदारी पत्र (MoU) तयार गरिएको छ। उक्त समझदारी पत्रको आधारमा आवश्यकता अनुरुप दुवै पक्षले आ-आफ्नो अधिकार क्षेत्र भित्र रहि सहकार्य गर्ने सहमति जनाएका छन।

CamScanner

## २. उद्देश्य

यस MOU का मुख्य उद्देश्यहरू निम्नानुसार रहनेछन्:

- सार्वजनिक यात्रु वाहक सेवामा यात्रुहरुको व्याग वा लगेज (झिटी- गुन्टा) सुरक्षित व्यवस्थापन गर्न अनिवार्य लगेज ट्याग प्रणाली लागू गर्ने,
- सुरक्षा प्रवर्द्धन गरि यात्रुहरूको सामान सुरक्षित तरिकाले गन्तव्यमा पुऱ्याउनु,
- पहिचानमा सहजता ल्याई प्रत्येक लगेजलाई डिजिटल वा म्यानुअल ट्याग (TAG) दिएर पहिचान स्पष्ट बनाउनु,
- उत्तरदायित्व निर्धारण गरि सामान हराएमा वा क्षति भएमा सवारी धनी, चालक र यात्रुको जिम्मेवारी निश्चित गर्नु,
- साटिएका सामानहरूको सहज ट्र्याकिङ गरी यात्रु र व्यवसायी बिच हुने विवाद अन्त्य गरि विवाद न्यूनीकरण गर्नु,
- लगेज व्यवस्थापनमा आधुनिक प्रविधि (जस्तै: QR Code/Barcode वा नम्बरिङ ट्यांग) को प्रयोग बढाउने,
- सार्वजनिक यातायात सेवालाई भरपर्दो, आधुनिक र प्रविधिमैत्री बनाई सेवामा व्यावसायिकता ल्याउनु ।

## ३. दुवै पक्षको जिम्मेवारी र कार्यक्षेत्र

### ३.१ प्रथम पक्ष (यातायात व्यवसायी) को जिम्मेवारी:

- आफ्नो मातहतका सबै सार्वजनिक सवारी साधनमा यात्रुहरूको ब्याग/लगेज राख्दा अनिवार्य रूपमा दुईप्रति (Duplicate) ट्याग जारी गर्ने।
- एउटा ट्याग यात्रुको सामानमा टाँस्ने र अर्को ट्याग यात्रुलाई सुरक्षित राख्न दिने।
- गन्तव्यमा पुगेपछि यात्रुसँग भएको ट्याग र सामानको ट्याग भिडान गरेर मात्र सामान फिर्ता गर्ने।
- ट्याग प्रणाली सञ्चालनका लागि आफ्ना चालक र सह-चालकहरूलाई आवश्यक तालिम दिने।
- ट्याग प्रणालीका लागि आवश्यक पर्ने ट्याग (भौतिक वा डिजिटल सफ्टवेयर) को व्यवस्थापन र आपूर्तिमा प्राविधिक सहयोग गर्ने।

### ३.२ दोस्रो पक्षको जिम्मेवारी:

- यात्रुहरूलाई लगेज ट्यागको महत्व र आफ्नो ट्याग सुरक्षित राख्नेबारे सचेतना जगाउने।
- प्रणालीको नियमित अनुगमन र मूल्याङ्कनमा सहयोग गर्ने।

## ४. क्षतिपूर्ति तथा विवाद समाधान

- ट्याग टाँसिएको सामान प्रथम पक्षको लापरवाहीका कारण हराएमा वा क्षति भएमा, प्रचलित कानुन वा आपसी सहमति अनुसार यात्रुलाई उचित क्षतिपूर्ति दिइनेछ।
- ट्याग हराएका यात्रुको हकमा, निजको आधिकारिक पहिचान र सामानको पूर्ण विवरण पुष्टि नभएसम्म सामान जिम्मा लगाइने छैन।
- यस समझदारी पत्र कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा दुवै पक्ष आपसी छलफल र सहमतिमा समाधान गर्नेछन्।

CamScanner

## ५. गोपनीयता र सूचनाको सुरक्षा

यस प्रणाली अन्तर्गत सङ्कलन गरिएका यात्रुहरूको व्यक्तिगत विवरण (नाम, फोन नम्बर आदि) पूर्ण रूपमा सुरक्षित राखिनेछ र व्यावसायिक वा अनाधिकृत प्रयोजनका लागि प्रयोग गरिने छैन।

## ६. अवधी

यो सम्झौता हस्ताक्षर भएको मितिबाट लागू हुनेछ र प्रारम्भिक रूपमा १० वर्षसम्म कायम रहनेछ। दुवै पक्षको सहमतिमा अवधि थप गर्न सकिनेछ।

## ७. संशोधन तथा समाप्ति

- यस MOU मा आवश्यक संशोधन दुवै पक्षको लिखित सहमतिमा गर्न सकिनेछ।
- कुनै एक पक्षले ३० दिनअघि लिखित सूचना दिएर सम्झौता समाप्त गर्न सक्नेछ।

## ८. विवाद समाधान

यस सम्झौताबाट उत्पन्न हुने कुनै पनि विवाद आपसी समझदारी तथा छलफलद्वारा समाधान गरिनेछ।

**यसको प्रमाण स्वरुप, तल उल्लेखित मितिमा दुवै पक्षका अधिकार प्राप्त व्यक्तिहरुले यस समझदारीपत्रका सम्पुर्ण सर्तहरुमा पुर्न सहमति जनाई विधी सम्मत रुपमा हस्ताक्षर गरेका छन ।**

**काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय,**
**रामशाह पथ**

**हस्ताक्षरः**

**नामः नवराज अधिकारी**

**पदः प्रहरी वरिष्ठ उपरीक्षक**

**मितिः २०८३।०२।०८ गते ।**

**नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ,**
**के.का. बालकुमारी, ललितपुर**

**हस्ताक्षरः**

**नामः सरोज सिटौला**

**पदः केन्द्रिय अध्यक्ष**

**मितिः २०८३।०२।०८ गते ।**

CamScanner